*अवधारणा पत्र*

*नयाँ नेपालको निर्माण बालबालिकाको साथमा थालौँ*

# नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान ! राष्ट्रिय अभियान

## पृष्ठभूमि

आम नेपालीको चाहना अनुरुप देश गणतान्त्रिक लोकतन्त्रमा प्रवेश गरिसकेको छ । बहु प्रतिक्षित नयाँ संविधानको निर्माणको थालनी भैसकेको छ । यो अत्यन्त महत्वपूर्ण ऐतिहासिक अवसर हो जहाँ आम नेपालीले संविधान निर्माणमा आफ्नो सहभागिता जनाउन पाउनेछन् । देशको राष्ट्रिय अखण्डता, लोकतन्त्र र समावेशीकरणलाई संस्थागत गर्दै सबै तह, वर्ग र क्षेत्रका जनताका अधिकार सुनिश्चित गर्न सबै सचेत र क्रियाशील हुनुपर्ने समय आएको छ । संविधान निर्माणका लागि जनताद्वारा चुनिएका सभासदलाई अब बन्ने संविधानमा के कस्ता कुरालाई समावेश गरिनुपर्दछ भन्ने बारेमा सचेत गराउनु र व्यवस्थित ढंगले सुझाव दिनु हामी सबै नागरिकको दायित्व हो । सामान्यतया बयस्कहरुका अगाडि बालबालिकाको कुरा ओझेलमा पर्ने गरेका छन् । तर बालबालिकाको उचित संरक्षण विना कुनै पनि देश सम्बृद्ध बन्न सक्दैन । तसर्थ बालबालिकाको अधिकारलाई संबैधानिक रुपमा स्थापित गर्नका लागि बालबालिकाका क्षेत्रमा क्रियाशील संघ-संस्था, निकाय तथा बालबालिका समेतको सहभागितामा राष्ट्रब्यापी रूपमा जागरण तथा बालबालिकाका बिषयबस्तु तथा विचार संकलन गर्ने यस राष्ट्रिय अभियान थालनी गरिएको छ ।

## उद्देश्य

१) नयाँ संविधानमा समेटिनु पर्ने बालबालिकासँग सम्बन्धित विषयवस्तुहरु राष्ट्रब्यापी रूपमा प्रत्यक्षरुपमा बालबालिकाहरुमाझ गएर जिल्ला जिल्लाबाट संकलन गर्ने,

२) राष्ट्रब्यापी रूपमा बालअधिकार प्रति संवेदनशील संविधान निमार्णको निम्ति व्यापक जनचेतनाको लहर सिर्जना गर्ने,

३) देशब्यापी रुपमा संकलित विषयहरुलाई एकिकृत गरी संविधानमा बालबालिकाका विषयलाई प्राथमिकता दिन संविधान सभामा सुझाव पेश गर्ने ।

## कार्यक्रमहरु

यो बालबालिका तथा बालबालिकाका निम्ति क्रियाशील संघ-संस्था, निकायको संयुक्त संयोजन तथा सहभागितामा सञ्चालित हुने **साझा अभियान** हो । यो अभियान जिल्ला जिल्लामा स्थानीय निकाय तथा संघ-संस्थाहरुकै नेतृत्व तथा सहभागितामा सञ्चालित हुने छ । जिल्ला जिल्लामा सहभागि भएका सबै संस्थाहरु यस राष्ट्रिय अभियानका आयोजक हुनेछन् र अभियानको अन्तमा प्रकाशित हुने राष्ट्रिय प्रतिवेदनमा सबै निकाय तथा संस्थाहरुको समानरुपमा नाम रहनेछ । यस अभियान अन्तरगत मूलतः निम्न कार्यक्रमहरु सम्पन्न गरिने छन् ।

## १) नयाँ संविधानमा सम्बोधन गरिनुपर्ने बालबालिका सम्बन्धी विषयवस्तुहरु संकलनः

- राष्ट्रब्यापी रूपमा जिल्ला जिल्लामा बालबालिका र तिनका समूहहरु तथा बालबालिकासँग क्रियाशील संघ-संस्था एवम् सरोकारवालाहरुको भेला गरेर नयाँ नेपालमा विशेषत नयाँ संविधानमा सम्बोधन गरिनुपर्ने बालबालिका सम्बन्धी विषयवस्तुहरु संकलन गरिने छ ।
- ”मैले चाहेको संविधान” बिषयक बालबालिकाको राष्ट्रव्यापी निबन्ध प्रतियोगिताबाट नयाँ संविधानमा बालअधिकार सुनिश्चितताको निम्ति रचनात्मक विचार र सुझाव संकलनको निम्ति बालबालिकाहरुलाई प्रेरित गरीने भएको हुंदा सोमा सहभागि हुन आह्वान गरिनेछ । यस मार्फत देशका विभिन्न भागका विभिन्न समुदाय र पृष्ठभूमिका बालबालिकाले नयाँ संविधानमा आफ्नो मत रचनात्मक हिसाबले दिने अवसर पाउने छन् । यस प्रक्रयाबाट छानिएका उत्कृष्ट निबन्धहरुलाई प्रकाशित गरी सबै सामु बालबालिकाका आवाजहरु ल्याइने छ ।

## २) बालबालिकाको औठा छाप संकलनः

देशव्यापी रुपमा मुल नारालाई समर्थन गर्दै दश लाख बालबालिकाको औठा छाप संकलन गरिनेछ । यसका लागि विभिन्न विद्यालयहरुलाई अनुरोध गरिने छ भने संघ संस्था, बालक्लब सबैको क्रियाशिलतामा अभियानका रुपमा विद्यालय बाहिर रहेका बालबालिकाहरु माझ समेत पुगिने छ ।

जिल्ला जिल्लाबाट संकलित विषयवस्तुहरु तथा बालबालिकको औठा छापलाई एकिकृत गरी काठमाण्डौंमा बृहत प्रदर्शनीमा राखिनेछ र अन्तमा संकलित विषयवस्तुहरु संविधानसभामा हस्तान्तरण गरिने छ ।

## ३) बालअधिकार बसः नयाँ संविधानमा बालअधिकार सुनिश्चतताको निम्ति जनचेतना र प्रचारप्रसार

- नेपालमा पहिलो पटक विभिन्न सचेतनाका कोसेलीले भरिएको “बालअधिकार बस” देशब्यापी जागरण अभियानका लागि सञ्चालन गरिनेछ । उक्त विशेष बस तोकिएको तालिकाअनुसार विभिन्न जिल्लामा पुग्ने छ । बस पुग्ने जिल्लाहरुमा बस पुगेको दिन मिलाएर मूल संचेतना कार्यक्रम आयोजना गरिने छ भने उक्त बालअधिकार बस पुग्न नसक्ने जिल्लाहरुमा स्थानीय सुविधा अनुसारको दिनमा कार्यक्रम सम्पन्न हुनेछन् ।

- जिल्ला जिल्लामा स्थानीय आयोजनामा हुने मूल संचेतना कार्यक्रममा बालअधिकार संचेतना र्‍याली, बालअधिकार सम्बन्धी सडक नाटक, गीत, नाच आदि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- समाजका विभिन्न वर्ग, क्षेत्रमा क्रियाशील तथा स्थानीय एवम् राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यक्तिहरुबाट बालअधिकारको सम्मानमा ऐक्यबद्धता जनाइने छ ।

- सम्पूर्ण गतिविधिहरुको सम्भव भएसम्म श्रव्यदृष्य तथा लिखित प्रतिवेदन तयार गरिने छ । कार्यक्रमका बारेमा व्यापक प्रचारप्रसार गरिने छ । यसका लागि सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुलाई अनुरोध गरिने छ । साथसाथै विभिन्न संस्थाहरुबाट सञ्चालित रेडियो तथा टेलिभिजन कार्यक्रममा बिशेष कार्यक्रमहरु प्रशारण गरिने छन् ।

४) <u>सार्वजनिक सुनुवाई तथा नयां संविधानमा बालअधिकार सुनिश्चितता प्रति विभिन्न सरोकारवालाहरुको प्रतिवद्धता</u>

- विभिन्न राजनैतिक पार्टीहरु, भातृ संगठनहरु, महासंघहरु, पेशागत संघसंस्थाहरुलाई आ आफ्नो तर्फबाट नयाँ संविधानमा बालअधिकार सुनिश्चित गर्न पहल गर्न अपिल सहित छलफल गरिने छ ।
- विभिन्न जिल्लाहरुमा बालअधिकार र नयाँ संविधानको बारेमा राजनैतिक प्रतिनिधिहरु, सभासदहरु एवं अन्य सरोकारवालकाहरु बीच सार्वजनिक सुनुवाईहरुको आयोजना गरिने छ ।

५) **<u>समापन प्रदर्शनी एवं बालबालिकाका विचार र भावनाहरु हस्तान्तरण</u>**

८) यस अभियानको समापनको अवसरमा एक भव्य प्रदर्शनीको आयोजना गरिने छ, जहाँ राष्ट्रव्यापी रुपमा संकलित बालबालिकाका आवाज तथा अभिव्यक्तिहरु सार्वजनिक रुपमा प्रस्तुत गरिने छन् । यसका साथै एक विशेष समारोह आयोजना गरिने छ र संविधानमा छुटाउन नहुने बालबालिकाको विषयवस्तुहरु संविधान सभालाई हस्तान्तरण गरिने छ ।

## प्रक्रियाः

१) प्रत्येक जिल्लामा एक जिल्ला आयोजक समिति गठन हुनेछ र यस समितिका सदस्यहरु राष्ट्रिय अभियानका आयोजक रहनेछन् । यो अभियान बालबालिकका हितका निम्ति सबैको साझा अभियान हुनेछ । जिल्ला आयोजक समितिमा बालबालिकाका निम्ति जिल्ला बालकल्याण समिति, जिल्लामा कार्यरत संघ-संस्था, बालक्लब, शिक्षक युनियन, संचार माध्यम लगायत स्थानीय आवश्यकता अनुसार अन्य पेशागत संघ-संस्था तथा निकाय समेतको सहभागिता रहन सक्ने छ ।

२) सबै आयोजक सदस्यहरुले आ-आफ्नो क्षमताअनुसारको सहयोग उपलब्ध गाराउनेछन्, जस्तैः कसैले आर्थिक सहयोग गर्न नसकेपनि स्वयंसेवकहरु परिचालन गर्न सक्नेछन्, कसैले आर्थिक सहयोग, कसैले सामग्रीहरुको सहयोग, कसैले कुनै एक कार्यक्रमको प्रायोजन, संचार माध्यमले सूचनाको प्रवाह आदि आ-आफ्ना क्षेत्र र क्षमताअनुसारको सहयोग गर्न सक्ने छन् । जसलाई जिल्ला आयोजक समितिले निर्णय गरेअनुसार परिचालन गर्न सकिने छ ।

३) आयोजक समितिमा सकेसम्म धेरै संस्था निकायलाई आबद्ध गराईने छ । कार्य सञ्चालनका लागि आवश्यकता अनुसार सानो सचिवालय निर्माण गर्न पनि सकिने छ ।

४) अभियानलाई आवश्यक पर्ने मूख्य प्रचार सामाग्रीहरु जस्तै पोस्टर पर्चा, स्टिकर, औठाछाप संकलन गर्ने विशेष आकृति युक्त कपडा, रेडियोमा बजाइने श्रब्य सामग्री, अभियान गीत, अभियान पुस्तिका आदि तयार गरी जिल्ला आयोजक समितिमा पठाइने छ । जिल्ला आयोजक

समितिले निर्णय गरी स्थानीय आवश्यकता अनुसारका थप सामाग्रीहरु प्रकाशित गर्न सक्नेछन् ।

५) काठमाडौंबाट अभियान सम्बन्धी विशेष प्याकेज सहितको “बालअधिकार बस” देश व्यापी जागरण अभियानका लागि प्रस्थान गर्नेछ । मूल नाराको सन्देश बोकेर उक्त विशेष बस तोकिएको तालिकाअनुसार विभिन्न जिल्लामा पुग्ने छ । बस पुग्ने जिल्लाहरुमा बस पुगेको दिन मिलाएर मूल संचेतना कार्यक्रम आयोजना गरिने छ भने उक्त बालअधिकार बस पुग्न नसक्ने जिल्लाहरुमा स्थानीय सुविधा अनुसारको दिनमा कार्यक्रम सम्पन्न हुनेछन् ।

६) स्थानीय आवश्यकता अनुसार जिल्ला आयोजक समितिले विभिन्न गतिविधिहरु सञ्चालन गर्न सक्ने छ । तर मूल रुपमा सबै जिल्लाहरुमा निम्न अनुसारका गतिविधिहरु हुनेछन्:

क) राष्ट्रिय रुपमा तयार गरिएको संचेतना सामग्रीहरुको वितरण, प्रशारण,

ख) बालबालिका तथा सरोकारवालाहरुको भेला गरी बालबालिकाका विषयमा सम्बोधन गरिनु पर्ने विषयहरुको संकलन,

ग) वितरण गरिएको विशेष आकृति युक्त कपडामा बालबालिकाको रङ्गिन औठाछाप संकलन । उक्त संकलित औठाछापलाई विशेष ढंगले सजाई राष्ट्रिय मूल कार्यक्रममा प्रदर्शित गरिने छ । अतः सो तोकिए अनुसार विभिन्न रङ्गले औँठाछाप संकलन गरिएमा प्रदर्शनका लागि सुन्दर र प्रभावकारी हुनेछ ।

घ) बालअधिकार बस पुग्ने जिल्लामा सोही समयमा र अन्य जिल्लामा सुविधा अनुसार सामान्यतया निम्न अनुसारका संचेतना कार्यक्रम हुनेछन्:

- विभिन्न झाँकि सहितको ऱ्याली
- सडक नाटक
- गीत, नाच
- स्थानीय प्रतिष्ठित ख्यातिप्राप्त व्यक्तित्वहरु (जस्तै कलाकार, कवि, नेता, समाजसेवी, उद्योगी, संचारकर्मी, धार्मिक गुरु, व्यापारी, बुद्धिजीवि आदि) बाट आ-आफ्नो विधाको प्रस्तुती वा ऐक्यबद्धता सन्देश
- सम्भव भएसम्म त्यस क्षेत्रका सभासदहरुद्वारा ऐक्यबद्धता एवम् प्रतिबद्धता व्यक्त, आदि लगायतका कार्यक्रमहरु आयोजना गर्न सकिने छ ।

७) जिल्लाहरुमा आयोजित कार्यक्रमहरुको व्यापक रुपमा संचारमाध्यमहरुको सहयोगमा प्रचार प्रसार गरिने छ । सम्भव भएसम्म कार्यक्रमहरुको श्रब्यदृष्य सामाग्री संकलन गरिने छ । र अभियानको अन्तमा सबै जिल्लाहरुको श्रब्य दृश्य सामाग्री संकलन गरी एक विशेष डकुमेन्ट्री तयार हुनेछ तथा सबैको गतिविधिहरु समेटिएको राष्ट्रिय प्रतिवेदन प्रकाशित हुनेछ । अभियानमा सम्लग्न सबै संस्था तथा निकायहरुको नाम राष्ट्रिय अभियानको आयोजकका रुपमा उक्त राष्ट्रिय प्रतिवेदनमा समावेश गरिनेछ ।

८) राष्ट्रिय अभियानका सम्पूर्ण गतिविधिहरुलाई एकिकृत र संग्रहित गर्न विशेष वेभसाइट निर्माण गरिने छ । जसमा राष्ट्रिय तथा जिल्ला स्तरमा भएका सम्पूर्ण गतिविधि तथा सूचनाहरुलाई संग्रहित गरिने छ ।

९) यस अभियानको समापनको अवसरमा एक भव्य प्रदर्शनीको आयोजना गरिने छ, जहाँ राष्ट्रव्यापी रुपमा संकलित बालबालिकाका आवाज तथा अभिव्यक्तिहरु सार्वजनिक रुपमा प्रस्तुत गरिने छन् ।

१०) यो अभियान देशको इतिहासमा पहिलो र नौलो अभियान हुनेछ । सबैको सहभागितामा यस अभियानले राष्ट्रब्यापी रुपमा बालअधिकार संचेतनाको आँधि सिर्जना गर्ने छ । यस अवसरमा सबैले नयाँ संविधान निर्माणका प्रक्रियाका बारेमा थाहा पाउनेछन् । बालअधिकारका बारेमा थाहापाउने छन् । बालबालिकाका सरोकारका विषयहरु उठाउने छन् र वास्तवमा नै बालअधिकार सबैको सरोकारको विषय हो भन्ने स्थापित हुनेछ ।

## अपेक्षित नतिजाहरु

- यस अभियान मार्फत देशव्यापी रुपमा बालअधिकारको पक्षमा एक लहर उठ्ने छ ।
- बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई व्यापकता दिइने छ ।
- **बालअधिकार बस**को नौलो प्रयोग र अभियानले बालअधिकारको पक्षमा बालबालिका एवं वयस्क तथा अन्य सरोकारवालाहरुको व्यापक ध्यानाकृष्ट गर्नेछ ।
- नेपालको नयाँ संविधानमा बालअधिकार स्पष्टरुपमा उल्लेख एवं सुनिश्चित हुनेछ ।
- लाखौं बालबालिकाहरुले देशको सबैभन्दा महत्वपूर्ण कानुन बनाउने प्रक्रियामा प्रत्यक्ष सहभागी हुने अवसर पाउने छन् ।
- संविधानसभा सदस्यहरु तथा समितिहरुले प्रत्यक्ष रुपमा धेरै बालबालिकासंग छलफल र परामर्श गर्न नपाएपनि यस अभियान मार्फत लाखौं बालबालिकाका सुझाव तथा विचारहरु सुन्न, पढ्न वा थाहापाउन मद्दत मिल्ने छ ।
- यस अभियान मार्फत विभिन्न जिल्ला, समुदाय तथा पृष्ठभूमिका लाखौं जनसमुदायले संविधानमा बालअधिकारको महत्वलाई बुझ्ने छन् । र नयाँ संविधानमा बालअधिकार सुनिश्चित गराउन आ आफ्नो तर्फबाट पहल एवं पैरवी गर्ने छन् ।
- नयाँ नेपालको संविधानमा कुल जनसंख्याको करिब आधा भाग ओगटेका बालबालिकाको अपनत्व कायम हुनेछ ।

**नोटः**
**यो सबैको साझा अभियान भएको र सबैको अपनत्व कायम होस् भनी केन्द्रबाट छापी पठाइने पोष्टरमा सहभागी संस्थाहरुको नाम लेख्ने स्थान खालि छोडिएको हुनेछ र उक्त खालि स्थानमा जिल्लामा गठन भएको आयोजक समितिमा रहेका निकाय तथा संस्थाहरुको नाम लेखि पोष्टर टाँस्न हुन अनुरोध गरिन्छ ।**

नयाँ संविधानको निर्माण: बालअधिकारको पूर्ण सम्मान !

# राष्ट्रिय अभियान

## जिल्ला आयोजक समितिको विवरण

जिल्ला:
गठन मिति:

सचिवालय रहेको संस्था निकायको नाम:

सम्पर्क ठेगाना:

फोन, फ्याक्स, इमेल:

सम्पर्क व्यक्तिको नाम, फोन, इमेल:

समितिको विवरण

| क्र सं | संस्था निकाय नाम | सम्पर्क ठेगाना, फोन, फ्याक्स, इमेल | सम्पर्क व्यक्तिको नाम, फोन, इमेल |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

यो फारम राष्टिय अभियानको सचिवालय, पो.ब. नं. ४३७४, रवी भवन, काठमाडौं वा फ्याक्स नं. १-४२७८०१६ वा ईमेल: crcampaign2009@gmail.com मा यथाशक्य छिटो पठाउन हुन अनुरोध छ।